# संशोधन

**कोष संचालक समितिको मिति २०७३/५/२६ को निर्णयले राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष संचालन कार्यविधि २०७२ लाई तुरुन्त लागु हुने गरि निम्नानुसार संशोधन गरेको छः**

**(१) दफा २ को (ट) पछि निम्नानुसार (ठ) थप गरिएकोः**
"शोधकर्ता भन्नाले कोषको बिषयगत एवं प्राथमिकता क्षेत्र भित्रका सम्वन्धित विषयहरुमा नेपाल भित्रका अध्ययन संस्थामा अध्ययनरत स्नातकोत्तर र विद्यावारिधि गर्ने विद्यार्थी/शोधकर्ता भन्ने सम्झनुपर्छ ।"

**(२) दफा २२ (२) (ख) को सट्टा निम्नानुसार दफा २२ (२) (ख) राखिएकोः**
"प्राप्त हुन आएका पूर्ण प्रस्तावको प्रारम्भिक छानविन गरी सचिवालयले ३ जना स्वतन्त्र समीक्षकबाट समीक्षा गराउने छ ।"

**(२) दफा २२ (२) (घ) को सट्टा निम्नानुसार दफा २२ (२) (घ) राखिएकोः**
"उपसमितिले स्वतन्त्र समीक्षकहरुको मूल्यांकनबाट स्वीकृत भएका र नभएका प्रस्तावहरुको सूची तयार पार्नेछ र सचिवालयले सो सूचीलाई कोषको सूचनापाटी र वेभसाइटमा राख्नेछ । उपसमितिले सफल प्रस्तावित आयोजनाहरुको प्रस्तुतिकरण मूल्यांकन गर्नेछ र सो पश्चात आवश्यक देखेमा संभाव्यता स्थलगत जाँच समेत गराई प्राथमिकता अनुसार अनुदान स्वीकृतीको लागि समितिमा सिफारीस गर्नेछ ।"

**(४) दफा २२ (२) पछि निम्नानुसार दफा २२ (३) थप गरिएकोः**
"माथि जुन सुकै व्यवस्था भए पनि तोकिए बमोजिमका साना अनुदान एवं विशेष परिस्थितिमा उपल्ला बर्गको अनुदान समेतलाई आवेदन आव्हान गर्दा अवधारणा पत्रको आव्हान नगरी एकै चरणमा सिधै पुर्ण प्रस्तावको रुपमा पेश गर्ने गरि आव्हान गर्न सकिनेछ । यस्तो अवस्थामा पुर्ण प्रस्तावको माग तथा छानविनको प्रकृया अनुसार निर्णय हुनेछ ।"

**स्पष्टिकरणः** विशेष परिस्थिति भन्नाले प्राकृतिक तथा मानव सृजित विपद एवं सरकारी नीतिगत निर्णयबाट सृजित यथासिघ्र सम्वोधन गर्नु पर्ने लगायतका अवस्था सम्झनु पर्छ ।

**(५) दफा २२ (३) पछि निम्नानुसार दफा २२ (४) थप गरिएकोः**
"शोधप्रस्तावको हकमा समीक्षा मुल्यांकन एउटै समीक्षकवाट एकै चरणमा गरि उपसमितिले थप समीक्षा एवं प्राथमिकिकरण गरि अनुदान स्वीकृतिको लागि समिति समक्ष सिफारिस गर्नेछ ।"

**(६) दफा २४(७) मा** "…….संस्था पछि वा शोधकर्ता" थप गरिएको ।

**(७) दफा २५ को सट्टा निम्नानुसार दफा २५ राखिएकोः**
**"सहयोगको सदुपयोग र नियमित प्रतिवेदन**
(१) कोषबाट प्रदान गरिएको अनुदान सहयोग जुन उद्देश्यको लागि हो सोही उद्देश्यमा प्रयोग गर्नुपर्नेछ ।
(२) अनुदानग्राही संस्थाले संझौता र निर्देशिका अनुसार तोकिएको ढाँचामा निश्चित समयावधि भित्रै नियमित प्रतिवेदन, भुक्तानी निवेदन र कोषले माग गरेको अन्य विवरण पेश गर्नुपर्नेछ ।
(३) माथि (१) र (२) अनुसार नगरेको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्राविधिक उपसमितिको सिफारिसमा समितिले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ :
(क) निकासा हुन बाँकी रकमको निकासा रोक्का गर्ने,
(ख) अनुदान संझौता रद्द गर्ने,
(ग) आउँदो ५ वर्षसम्म कोषबाट कुनै प्रकारको अनुदान सहयोग नगर्ने गरी बन्देज लगाउने,
(घ) दुरुपयोग गरेको अनुदान रकम कानून बमोजिम असुल उपर गर्ने,
(४) माथि (३) बमोजिम कारवाहीका लागि उपसमिति र समितिको वैठक तत्काल वस्ने अवस्था नभएमा स्थितीको गंभिरता, संवेदनशीलता र संभावित हानिलाई ध्यानमा राखी कोषको सदस्य सचिववाट त्यस्ता आयोजनालाई निलम्वनमा राखी अन्तिम निर्णयको लागि त्यस पछि वस्ने उपसमिति र समितिका वैठकहरुमा पेश गरिनेछ ।"

**(८) दफा २६(१) को सट्टा निम्नानुसार दफा २६(१) राखिएकोः**
"सुपरिवेक्षण तथा अनुगमन : (१) कोषबाट प्रदान गरिएको अनुदान सहयोगको सदुपयोग भए नभएको र त्यस्तो सहयोगबाट संचालित आयोजना वा कार्यक्रमको कार्यान्वयन स्थिति सम्बन्धमा कोष सचिवालयवाट नियमित रुपमा र आवश्यक भएमा प्राविधिक उप-समितिले सुपरिवेक्षण, अनुगमन तथा मूल्याकंन गर्नेछ ।"